## बोलपत्र आब्हान गरिएको १५ दिने सूचना

सूचना प्रकाशित मितिः२०८२/७/२१

(गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित)

यस कम्पनीको शुक्रपथ काठमाडौं स्थित मुलभवनको निम्न लिखित पसलकवलहरु व्यापारिक प्रयोजनको लागि बहालमा दिने निर्णय भएकोले बहालमा लिन इच्छुक व्यक्ति कम्पनी वा संघ संस्थाहरुबाट रीतपूर्वकको शिलबन्दी बोलपत्र आब्हान गरिएको छ। पसलकवलहरु बहालमा लिन चाहनेले व्यक्तिको हकमा नागरिकता प्रमाणपत्र र पानदर्ता प्रमाणपत्रको प्रतिलिपी र फर्म/संघ/सस्थाको हकमा फर्मदर्ता प्रमाणपत्र र करचुक्ता प्रमाणपत्रको प्रतिलिपी सहित बोलपत्र पेश गर्न सकिनेछ। पसलकवलहरुको विवरण र न्यूनतम बहालदर यस प्रकार छ।

पसलकवलहरुको विवरण र न्यूनतम बहालदर यस प्रकार छ।

| क्र.सं. | पसल नं. | पसलकवलको वर्गफिट | न्यूनतम मासिक वहाल दर प्रति वर्गफिट रु. | वहालमा दिने अवधि |
|---|---|---|---|---|
| १. | १३२ | ४२१ | २३०.१८ | १० वर्ष |
| २. | १३३ | ४२१ | २३०.१८ | " |
| ३. | १३४ | ४२१ | २३०.१८ | " |
| ४. | १३५ | ४२१ | २३०.१८ | " |
| ५. | १३६ | ४२१ | २३०.१८ | " |
| ६. | १३७ | ४२१ | २३०.१८ | " |
| ७. | १३८ | ४२१ | २३०.१८ | " |
| ८. | १३९ | ४१५ | २३०.१८ | " |
| ९. | १४० | ४१५ | २३०.१८ | " |
| १०. | १४१ | १०००.१२ | २३०.१८ | " |

१. बोलपत्र फाराम रु.५००। (पाँच सय मात्र फिर्ता नहुने) तिरी कार्यालय समयभित्र यस कम्पनीबाट प्राप्त गर्न सकिनेछ।

२. बोलपत्रको सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कम्पनीको कार्यालयबाट बोलपत्र खरिद गर्न सकिनेछ यसरी खरिद गरिएको बोलपत्र सूचना प्रकाशित भएको मितिले १६ औं दिन मध्यान्ह १२:०० बजेभित्र बुझाइसक्नु पर्नेछ। रीतपूर्वक प्राप्त हुन आएका वोलपत्रहरु सोही दिनको २:३० बजे कम्पनीको कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा खोलिनेछ। निज वा निजको प्रतिनिधि अनुपस्थित भएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।

३ उक्त दिनहरुमा सार्वजनिक विदा परेमा सोही दिनको भोलिपल्ट वोलपत्र फारम खरिद गरी पेश गर्न सकिनेछ र यस्तो अवस्थामा वोलपत्र खरिद गरेको भोलिपल्ट दिनको १२:०० बजेभित्र वोलपत्र पेश गरिसक्नु पर्नेछ। सोही दिनको २:३० बजे नियमानुसार कम्पनीको कार्यालयमा वोलपत्र खोलिनेछ ।

४. यो सूचना र बोलपत्रसम्बन्धी कागजातमा स्पष्ट नभएका विषयहरु प्रचलित कानुन, कम्पनीको आर्थिक विनियमावली २०६४, सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम हुनेछ।

५. यस सम्बन्धी विस्तृत जानकारीका लागि कम्पनीको वेभसाइट **www.bishalbazar.com.np**, कार्यालयको सूचना पाटी र कार्यालय समयभित्र यस कम्पनीको कार्यालय शुक्रपथमा सम्पर्क राख्न सकिनेछ।

६. वोलपत्र आव्हान तथा वहाल सम्बन्धि सम्पूर्ण अधिकार कम्पनीमा निहित रहनेछ।

**विशाल बजार कम्पनी लिमिटेड**

**शुक्रपथ, काठमाडौ**

**फोन नं.५३४२१८५ ५३२२४२३**

This document was created with the Win2PDF “Print to PDF” printer available at

https://www.win2pdf.com

This version of Win2PDF 10 is for evaluation and non-commercial use only.
Visit https://www.win2pdf.com/trial/ for a 30 day trial license.

This page will not be added after purchasing Win2PDF.

https://www.win2pdf.com/purchase/